नेपाल सरकार
राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाण्डौं ।

# प्रेस विज्ञप्ति

## २०७४ को श्रावण महिनामा आएको बाढी पश्चातको पुनःर्उत्थान सम्बन्धी आवश्यकता आँकलन प्रतिवेदन

### १. पृष्ठभूमि :

यहि २०७४ साउन २७ देखि ३० (तद्अनुसार सन् २०१७ अगस्ट ११ देखि १४) सम्म नेपालमा भएको भिषण वर्षा र त्यसपछिको बाढीका कारण देशभरका ३५ जिल्ला प्रभावित भए भने १८ जिल्लामा अत्यधिक प्रभाव पर्‍यो । अति प्रभाव मुलतः तराई-मधेशका जिल्लामा पर्न गयो । त्यसैले तराई क्षेत्रमा आएको बाढी, यसको प्रभाव र पुनःर्स्थापनाका आवश्यकता पहिचान गर्ने तथा नेपाल सरकार तथा अन्य सरोकारवालालाई बाढी पीडित तथा विस्थापितलाई पुनःर्स्थापनाका कार्यक्रम बनाउन सहयोग गर्ने उद्देश्यका साथ विपद् प्रभाव तथा पुनःर्स्थापना आवश्यकता मूल्याङ्कन सम्बन्धी अध्ययन राष्ट्रिय योजना आयोगको नेतृत्वमा सम्पन्न भएको छ । राष्ट्रिय योजना आयोगले बिभिन्न मन्त्रालय तथा अन्य सरोकारवाला निकायहरुसँगको समन्वयमा प्रतिवेदन तयार गरको छ । यो प्रतिवेदन राष्ट्रिय योजना आयोगका उपाध्यक्षको नेतृत्वमा आयोगकै जनशक्ति तथा सरोकारवाला मन्त्रालयका प्रतिनिधिको सहभागिता र योगदानबाट तयार गरिएको हो । यसका लागि विश्व बैंक तथा युएनडिपीले महत्वपूर्ण प्राविधिक सहायता उपलब्ध गराएका थिए । गृहमन्त्रालयले विपत्ति प्रभावित भनेर तोकेका १८ वटा बाढी प्रभावित जिल्ला तथा ९ क्षेत्रहरुमा फिल्ड अफिसले संकलन गरेको तथ्यांकमा आधारित रहेर प्रभावित क्षेत्रको अवस्था र समग्र पुनःर्स्थापनाका आवश्यकताको मूल्यांकन गरिएको थियो ।

यो वर्ष बाढीका कारण घाइते हुनेको संख्या २२ रह्यो । अति प्रभावित १८ जिल्लामा ८ लाख ६६ हजार ९९३ पुरुष र ८ लाख २१ हजार ४८० महिला गरी जम्मा करिब १७ लाख जनसंख्या प्रताडित हुन पुगे । विभिन्न नौ क्षेत्रको मूल्यांकनका आधारमा बाढीले पुर्‍याएको क्षति रु. ६० अर्ब ७१ करोड ६६ लाख रुपैयाँ (५८४.७ मिलियन अमेरिकी डलर) आंकलन गरिएको छ । यो क्षति नेपालको कूल गार्हस्थ उत्पादनको करिब ३ प्रतिशत हो । सबैभन्दा बढी क्षति आवास, सिंचाइ, पशुपंक्षी तथा अन्नबालीमा भएको छ । क्षतिको मूल्य विचार गर्दा यो क्षतिले राष्ट्रिय अर्थतन्त्रमा सामान्य प्रभाव पार्ने भएतापनि स्थानीय अर्थतन्त्रमा भने ठुलो प्रभाव पारेकोछ । तराई-मधेस क्षेत्रका संरचनामा यस बाढी र डुवानले नराम्रोसँग क्षति पुर्‍याएको छ । सहायता कार्यक्रम प्रभावकारी नहुने हो भने तराई क्षेत्रमा वर्षेनी आउने यस्ता बाढी र डुवानका कारण नेपालमा आम्दानी, क्षमता लगायतका कुरामा क्षेत्रीय भेद बढ्दै जाने देखिन्छ । जोखिममा परिरहने भएका कारण स्थानीय अर्थतन्त्रमा नकारात्मक प्रभाव अवश्यम्भावी छ ।

विपत्ले पारेको प्रभावको सारांश

| क्षेत्रहरु | कुल क्षति नेपाली रुपैयाँ (दश लाखमा) | कुल क्षति (अमेरिकी डलर मिलियनमा |
|---|---|---|
| सामाजिक क्षेत्रहरु | | |
| आवास | १९५१२.७ | १८७.९ |
| स्वास्थ्य | ६२० | ६ |
| शिक्षा | ११९३.८ | ११.५ |
| उत्पादनमूलक क्षेत्रहरु | | |
| कृषि | ७२१३.८ | ६९.५ |
| पशुपालन (चौपाया) | १०६७०.४ | १०२.७ |
| सिँचाइ | १७४६०.१ | १६८.१ |
| पूर्वाधारका क्षेत्रहरु | | |
| यातायात | २९३७.८ | २८.३ |

| | | |
|---|---|---|
| खानेपानी र सरसफाइ | ८८७.७ | ८.५ |
| ऊर्जा | २२०.३ | २.१२ |
| **कुल** | ६०७१६.६ | ५८४.७ |

*स्रोत : रा.यो. आयोग तथा सम्बन्धित मन्त्रालयहरु*

## २.२. पुन:स्र्थापनाको आवश्यकता

पुन:स्र्थापना आवश्यकताको कुल रकम रु ७३ अर्ब २२ करोड ४८ लाख नेपाली रुपैयाँ (अमेरिकी डलर ७०५.१ मिलियन) हुने अनुमान गरिएको छ । पुन:स्र्थापनाको रकम उच्च देखिए पनि पुन:स्र्थापना कार्यक्रमको व्यवस्थित योजनाले त्यस्ता कार्यक्रम वित्तीय रुपमा पनि व्यवहारिक र खर्च धान्न सकिने हुन्छन् । विश्वव्यापीरुपमा पुन:स्र्थापना कार्यक्रमको महत्वपूर्ण पक्ष के हो भने पुन:स्र्थापना कार्यक्रम केवल सरकारी कार्यक्रम मात्र हुनु हुँदैन । यस्तो कार्यक्रममा सबै सरोकारवालाको साझा प्रयास हुनु पर्दछ, किनकि सबैभन्दा महत्वपूर्ण विषय  आवासको हो । पुन:स्र्थापना कार्यक्रममा परिवारका सदस्यले सधैं आफ्नो स्रोत प्रयोग गर्छन् । विकास साझेदार, गैरसरकारी संस्थाहरु र निजी क्षेत्रले पनि यो अभियानमा आफ्नो स्रोत ल्याउँछन् । आगामी यो दुईदेखि तीन वर्षको अवधिमा पुन:स्र्थापना कार्यक्रमका लागि छुट्टयाइएको सम्पूर्ण बजेट खर्च हुन्छ जसले सरकारलाई पनि स्रोतहरु जम्मा गर्न थप सहज बनाउँछ ।

**कुल पुन:स्र्थापना आवश्यकताको सारांश**

| | कुल आवश्यकता ने.रु. (दश लाखमा) | कुल आवश्यकता अमेरिकी डलरमा (दश लाखमा) | क्षेत्रगत आधारमा पुन:स्र्थापना आवश्यकताको अशं |
|---|---|---|---|
| **सामाजिक क्षेत्र** | | | |
| आवास | ३९०२५.५ | ३७५.८ | ५३.३ |
| स्वास्थ्य र पोषण | ६८० | ६.५ | ०.९ |
| शिक्षा | ११९३.८ | ११.५ | १.६ |
| **उत्पादनमूलक क्षेत्र** | | | |
| कृषि | ६३९४.८ | ६१.६ | ८.७ |
| पशुपालन | २७९२.४ | २६.९ | ३.८ |
| सिँचाइ | १७७८९.२ | १७४.३ | २४.३ |
| **पूर्वाधारका क्षेत्र** | | | |
| यातायात | २९३७.८ | २८.३ | ४.० |
| खानेपानी र सरसफाइ | २१६९ | २०.९ | ३.० |
| ऊर्जा | २४२.३ | २.३३ | ०.३ |
| कुल | ७३२४४.८ | ७०५.१ | १०० |

*स्रोत: रा.यो. आयोग तथा सम्बन्धित मन्त्रालयहरु*

उपरोक्त मूल्यांकनलाई आधार मानी विपत्को प्रभाव र पुन:स्र्थापना आवश्यकताको विस्तृत विश्लेषण गरिऐको छ । आगामी तीन वर्षको अवधिमा तत्काल, मध्यमकाल र दीर्घकालका लागि पुन:स्र्थापना रणनीति अवलम्बन गरिनेछ । साथै, अन्तर्निहित जोखिमलाई सम्बोधन गर्नका लागि र तराई क्षेत्रमा रहेका जोखिम न्यूनीकरणका लागि अनुकूलन रुपरेखा प्रस्ताव गरिएको छ । हालैको बाढीबाट सबैभन्दा बढी प्रभावित र जोखिममा परेकाका लागि दिगो विकासका लक्ष्यका सूचकांकको प्रगति सुनिश्चित गर्न विस्तृत पुन:स्र्थापना अवधारणा महत्वपूर्ण हुन्छ ।

नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयानुसार राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा बाढी पिडितहरुको पुन:स्थापनार्थ विशेष इकाइ गठन भएको हुँदा यस आँकलन प्रतिवेदनको सुझावहरु प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट कार्यान्वयनमा जाने छ ।



तुलसी प्रसाद गौतम
सहसचिव एवं प्रवक्ता


NEPAL FLOOD 2017

Post Flood Recovery Needs Assessment

GOVERNMENT OF NEPAL

NATIONAL PLANNING COMMISSION

KATHMANDU, NEPAL

